## जोखिममा परेका बालबालिकाहरुको सञ्जाल नेपाल

# कार्नेट नेपालको

# बाल संरक्षण नीति

## २०६५

# विषय सूचि

१. प्रतिबद्धताको घोषणा.......................................................३

२. नाम.......................................................................३

३. प्रारंम्भ....................................................................३

४. उद्देश्य.....................................................................३

५. परिभाषाहरु................................................................४

६. बालसंरक्षण नीतिको कार्यान्वयन.............................................७

७. रोकथाम...................................................................७

८. प्रकृयाहरु..................................................................११

९. सिफारिस...................................................................१२

१०. प्रतिबद्धता फाराम........................................................१३

# जोखिममा परेका बालबालिकाहरुको सञ्जाल नेपाल

# कार्नेट नेपालको बाल संरक्षण नीति

**प्रतिबद्धताको घोषणा**

कार्नेट नेपाल बालबालिकाहरुको हक तथा हितका लागि पैरवी तथा पुनःस्थापना गर्ने र बाल स्याहार गर्ने सेवक-सेविकाको क्षमता बिकास र सेवाका लागि मण्डली, खीष्टियान संघ-संस्था, बालगृह तथा विभिन्न व्याक्तिहरु मिलेर बनेको सञ्जाल हो जसबाट नेपालका बालबालिकाहरुले पूर्णताको जीवनको अनुभव गर्न पाउनेछन् ।

धर्मशास्त्र बाइबल अनुसार बालबालिकाहरु परमेश्वरको स्वरुपमा बनिएका व्यक्तिहरु हुन् (उत्पती १:२६)। परमेश्वरको वचनको जगमा बालबालिकाहरुलाई संरक्षण तथा पालन पोषण गर्नका लागि हामी अभिभावक, बाल स्याहार गर्ने सेवक-सेविकाहरुलाई बाइबलले उत्साह तथा आज्ञा गरेको छ । (मत्ती १९:१३, १४)

कार्नेट नेपाल यो प्रण गर्दछ कि बालबालिकाहरुलाई सबै प्रकारका शोषण तथा दुर्व्यवहारबाट बचाउन तथा संरक्षण दिनका लागि एउटा साधारण पथप्रदर्शनको रुपमा यो बाल संरक्षण नीतिलाई अनुमोदन तथा स्वीकार गर्दछ । कार्नेट नेपाल विश्वास गर्दछ कि यस बाल संरक्षण नीति कार्यन्वयन पछि कर्मचारी, पदाधिकारीहरु, स्वयंसेवक र सम्पूर्ण यसलाई कार्यन्वयन गर्ने सञ्जालहरु र सझेदारी संस्थाहरुले बालबालिकाहरु माझ कस्तो व्यवहार गर्नु पर्दछ र बालबालिकाहरु माथि अनुचित व्यवहार भएको सूचना तथा जानकारी पाएमा के कदम चाल्नु पर्दछ भन्ने प्रष्ट मार्ग निर्देशन दिने छ ।

आफ्ना आधारभूत अधिकारहरु गुमाउने उच्च जोखिममा रहेका हाम्रा बालबालिकाहरुका लागि सुरक्षित र उपयुक्त वातावरणको महत्व र आवश्यकतालाई विचार/महशूस गर्दै उनीहरुको अधिकारहरुलाई वर्तमान र भविष्यमा संरक्षण र बचाउ गर्नको लागि सामूहिक प्रयासद्वारा योगदान पुऱ्याउने हेतुले कार्नेट नेपालले आफ्ना कार्य समिति, कर्मचारी, स्वंयसेवक, स्थानिय सञ्जाल र साझेदार संस्थाहरुलाई अब उप्रान्त यो बाल संरक्षण नीतिको दायरा भित्र जुनै पनि समयमा राख्दछ ।

यो बाल संरक्षण नीति संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धि (१९८९) र नेपाल सरकारद्वारा अनुमोदित बाल अधिकार (बाल संरक्षण ऐन १९९२) मा आधारित छ ।

**१. नामः** यो नियमावलीको संस्थागत नाम **कार्नेट नेपालको बाल संरक्षण नीति** हुनेछ ।

**२. प्रारंम्भः** यो बाल संरक्षण नीति कार्नेट नेपालको कार्य समितीबाट पारित भएको मिति देखि कार्नेट नेपाल तथा यससँग आवद्ध साझेदार र स्थानिय सञ्जालहरुमा लागु हुनेछ ।

**३. उद्देश्यः** बालबालिकाहरुका माझमा काम गरिरहेका संघसंस्था तथा त्यहाँ कार्यरत व्याक्तिहरुलाई बाल संरक्षणका बारेमा सचेत गरेर बालबालिकाहरुलाई सुरक्षित राख्नु हो ।

## ४. परिभाषाहरुः

४.१ **बालकः** बालक भन्नाले संयुक्त राष्ट्रसंघी बालअधिकार सम्बन्धि महासन्धि उल्लेख भए अनुसार १८ बर्षभन्दा कम उमेरका व्याक्तिलाई बुझाउँछ।

४.२ **बाल संरक्षण नीतिः** यो बाल संरक्षण नीति हाम्रो बाल संरक्षण प्रतिको प्रतिबद्धता हो। संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धिले बाल संरक्षणका आधारभुत कुराहरु स्पष्ट रुपमा पहिचान गरेको छ (१९८९)। यो नेपाल सरकारद्वारा हस्ताक्षर गरी लागु गरीएको छ (१९९०)।

**बालबालिकाहरु सुरक्षित रहनेछन्**

कुनैपनी नीति तथा प्रकृयाहरुले बालबालिकाहरुको पुर्ण संरक्षण प्रत्याभुती दिन सक्दैन यद्यपी यो नीति बालबालिका माथि हुने शोषण तथा दुर्व्यवहारको जोखिमलाई न्यूनीकरण गर्नेछ।

**संस्थाका प्रतिनिधिहरु सुरक्षित रहनेछन्।**

यो नीति लागु भएपछि संस्थाहरुले बालबालिकाहरु माझ गर्नु हुने व्यवहार कस्तो हुनुपर्छ भन्ने कुरा स्पष्ट हुनको साथै बालबालिकाहरु माथि अनुचित व्यवहार भएको सूचना तथा जनकारी पाएमा के कदम चाल्नुपर्दछ भनेर स्पष्ट मार्ग निर्देशन दिनेछ।

**संस्था सुरक्षित हुनेछ।**

यो नीति कार्यन्वयन भैसकेपछि संस्थाहरुले बालबालिका संरक्षण गर्ने आफ्नो प्रतिबद्धता प्रष्ट पार्नेछन्। यसबाट यस क्षेत्रमा बालबालिकाहरुसँग गरिने व्यवहारमा सकरात्मक सुधार आउनका साथै संस्थाका कुनै निकायबाट हुन सक्ने दुर्व्यवहारबाट बचाउन सहायता गर्ने छ।

**४.३ बाल दुर्व्यवहारः** एउटा बालक वा बालिका माथि अधिकार भएको स्थानमा रहेको व्यक्तिबाट उक्त शक्ति र अधिकारको दुरुपयोग गरिनु नै बाल दुर्व्यवहार हो। शारीरिक वा अन्य कुनै तरिकाबाट वयस्क वा अन्य बालबालिकाहरुद्वारा जब बालबालिकाहरु माथि चोट पुऱ्याइन्छ त्यतिबेला दुर्व्यवहार हुन्छ। सामान्यतय देखिने बाल दुर्व्यवहारका प्रकारहरु यस प्रकार छन् :

४.३(क) शारीरिक दुर्व्यवहार

४.३(ख) भावनात्क दुर्व्यवहार

४.३(ग) यौन दुर्व्यवहार

४.३(घ) अवहेलना गर्नु

४.३(ङ) बलजफती बिवाह

४.३(च) बालश्रम

४.३(छ) भेदभाव

४.३(ज) आत्मिकी दुर्व्यवहार

४.३(झ) हानिकारक सांस्कृतिक अभ्यासहरु

**४.३ (क) शारीरिक दर्व्यवहारः** जब कोही व्याक्तिले बालकलाई हानी पुऱ्याउने उद्देश्यले गालामा पिटने, मुक्का हान्ने, झकझकाउने, लात्तले हान्ने, आगोले पोलिदिने, घोक्र्याउने, कुटने, चिमटने, बिस पिलाउने, डुबाउने, चिथार्ने, काटने, फ्याक्ने आदि जस्ता काम गरी घाइते बनाउँछ वा धम्काउँछ वा चोट पुऱ्याउनबाट रोक्दैन त्यो शारीरिक दुर्व्यवहार हो ।

**४.३ (ख) भावनात्मक दुर्व्यवहारः** निम्न कार्यहरुले बालकलाई भावनात्मक दुर्व्यवहार गर्छः

- बालकको आत्माभिमानमा नियमित तथा गम्भिर आक्रमण दुर्व्यवहार जस्तै उसलाई उपनाम दिएर, गाली गरेर, ठगेर, गिज्जयाएर, मजाक उडाएर, एक्ल्याएर आदि तरिकाबाट उ केही मुल्यको छैन, केही जान्दैन भन्ने बोध गराउनु र सजाय दिनु हो ।
- बालबालिकाहरुलाई आवश्यक हेरचाह र स्नेह प्रदान नगरेर बालकको भावनात्मक तथा शारीरिक विकासमा बाधा ल्याउनु, जस्तोः उसलाई अस्विकार गर्नु, भावनात्मक रुपमा चोट पुऱ्याउनु, एक्ल्याउनु, कम हेरचाह गर्नु आदि कार्यबाट बालकको सामान्य जीवन प्रकृयाबाट बञ्चित राख्नु ।
- बालक वा बालिका माथि अनुपयुक्त अपेक्षाहरुको दबाब दिनु ।

**४.३ (ग) यौन दुर्व्यवहारः** यौन दुर्व्यवहार भन्नाले बालकको जानकारीमा वा उसलाई थाहा नदिइकन बालकलाई निम्न कार्य गर्नु :

- बालक वा बालिकासँग अनैतिक क्रियाकलाप गर्नु । जस्तोः उत्तेजनात्मक कृयाकलाप, सुम्सुम्याउनु, हाडनाताकरणी, बलत्कार गर्नु, वा अन्य कुनै अनुचित किसिमको कृयाकलापहरु गर्नु ।
- बालकलाई उसको उमेर अमिल्दो कुनै यौन कृयाकलाप हेर्न वा त्यसमा भाग लिन उत्प्रेरीत वा जब्बरजस्ती गर्नु ।
- कामोद्दीपक चित्र वा लेखः बालक वा बालिकालाई कुनै अश्लिल सामग्री हेर्न वा त्यसमा भाग लिन लगाउनु ।
- बेस्याबृति वा अन्य कुनै त्यस्तो प्रकारको कृयाकलापमा वा यौन शोषणमा सहभागी गराउनु ।

- बालक वा बालिकालाई यौन दुर्व्यवहारका लागि अग्रसर गराउने कुनै पनि अनुचित भावनात्मक सम्बन्ध बनाउने ।

**४.३ (घ) अवहेलना गर्नु:** बालक वा बालिकालाई आधारभूत खाँचोहरु जस्तो: खाना, कपडा, आवश्यक स्वस्थ्य सेवा, बस्ने घर, आधारभुत शिक्षा, निरिक्षण, आदी प्रदान नगर्नु जसले बालबालिकाको स्वास्थ्य र विकासमा हानी पुग्छ ।

**४.३ (ङ) बलजफती बिवाह:** नेपालको प्रचलित कानुन अनुसार तोकिएको बिवाह गर्ने उमेर (१८ बर्ष) नपुगी सहमती बिना जब्बरजस्ती बिवाह गर्नु ।

**४.३ (च) बालश्रम:** बालक वा बालिकाको शिक्षा तथा शारीरिक, मानसिक, आत्मिक, नैतिक वा सामाजिक अवस्थामा हानी हुने वा असर पर्ने गरी कुनै पनि कार्यमा लगाउनु (युएनसिआरसीको परिभाषा अनुशार) । यो कुरा बालक वा बालिकालाई बलजफती गरेर, वा लोभ वा दबाब देखाएर वा अन्य कुनै तरीकाबाट बालकको असहमतीमा गराएको हुन सक्छ ।

**४.३ (छ) भेदभाव:** यसको ध्येय कुनै पनि बालक वा बालिकालाई जाती, धर्म, लिंग, बौद्धिक क्षमता, पारिवारिक पृष्ठभुमी केहीको आधारमा भेदभाव गरीनु हुदैन भन्ने हो ।

**४.३ (ज) आत्मिकी शोषण:** जब कोही आत्मिक अगुवा वा आत्मिक अधिकार प्राप्त व्यक्तिले आफ्नो शक्ति तथा अधिकारको दुरुपयोग गरी बालबालिकाहरुलाई नियंत्रण गर्ने, प्रभुत्व जमाउने, मनसायले जब्बरजस्ती केही धार्मीक कुराहरु लादछन् भने त्यो आत्मिक शोषण हो । यो शारीरिक, भावनात्मक र यौन जस्ता दुर्व्यवहार संग जोडिएको हुन्छ ।

**४.३ (झ) हानिकारक सांस्कृतिक अभ्यासहरु:** कुनै पनि व्यक्तिले शोषण गर्ने मनसायले वा आफ्नो इच्छा पुर्तिको लागि बालबालिकाहरुलाई जब्बरजस्ती वा लोभ्याएर गर्ने कार्यलाई हानिकारक सांस्कृतिक अभ्यासहरु भनिन्छ । (उधाहरणको लागि: ठूला व्यक्तिहरुलाई अनआज्ञाकारी हुन सिकाउने आदि) यस्ता कार्यहरुले बालबालिकाहरुको शारीरिक, भावनात्मक, सामाजिक वा यौनिक रुपमा असर पर्न सक्दछ । यसो गर्न लगाउने वा बाध्य गर्ने जो कोहीले पनि हानिकारक अभ्यास गरेको हुने छ ।

**४.४ यो नीति प्रयोग गर्न सक्ने संस्था वा प्रतिनिधिहरु:** यो बालसंरक्षण नीति कार्नेट नेपालका सबै कर्मचारीहरु, कार्य समितिका सदस्यहरु, स्वयंसेवक/सेविकाहरु, र सबै साझेदार संस्थाहरु र स्थानिय सञ्जालहरुमा लागु हुने छ ।

**४.५ बाल संरक्षण अधिकृत (बा.स.अ):** बाल संरक्षण अधिकृत भन्नाले कार्नेट नेपालद्वारा नियुक्त एक अधिकृत वा कर्मचारी हो जो संग बाल संरक्षण सम्बन्धी अधिकार छ र बालबालिकाहरुलाई स्याहार गर्न, संरक्षण गर्न र बाल हितका लागि जिम्मेवारी पाएको छ ।

**४.६ स्थानीय सञ्जालहरु:** स्थानीय सञ्जालहरु भन्नाले यस्ता मण्डली तथा संस्थाहरु (बालगृहहरु सहित) हुन् जसले कार्नेट नेपालको सहयोगमा र लक्ष्य समुदायहरुका बाल यौन दुर्व्यवहार तथा बेच बिखन, ओसार प्रसारका बिरुद्धमा काम गर्छन् ।

**४.७ साझेदार संस्थाहरु:** साझेदार संस्था भन्नाले यस्ता मण्डली, संस्था वा बालगृहहरु । ( उद्धार गरीएका बालबालिकाका लागि पुनस्थापना गृहहरु सहित) लाई जनाउँछ जहाँ कार्नेट नेपाल मार्फत विभिन्न दातृय संस्थाको आर्थिक सहयोगमा बाल हितकारी  कार्यक्रमहरु सञ्चालन गरीएका छन् अनुगमन गर्ने साझेदार संस्थाहरुले कार्नेट नेपालसंग लिखित सम्झौता पत्रमा हस्ताक्षर गर्नु पर्ने छ ।

**४.८ अनुगमन गर्ने निकाय:** एक जना कार्य समितिका सदस्य, कार्नेट नेपालका राष्ट्रिय संयोजक र बा.स.अ. सहितको एक टोलीलाई जनाउँदछ जसले यो बाल संरक्षण नीतिलाई साझेदार संस्थाहरुले, स्थानीय सञ्जालहरुले र मण्डलीहरुले (जसले यो बाल संरक्षण नीति कार्यन्वयन गर्नका लागि हस्ताक्षर गरेका छन्) सही रुपमा पालन गरेको वा नगरेको अनुगमन गर्ने छ । यो टोलीलाई बाल संरक्षण अधिकृतले अगुवाई गर्ने छ ।

**४.९ समयावधी:** समयावधी भन्नाले अफिस समयावधी मात्र नभएर संम्पुर्ण समयलाई जनाउँछ ।

**५. बाल संरक्षण नीतिको कार्यान्वयन:** यस बालसंरक्षण नीतिलाई स्वीकार गरेको निकायहरुले निम्न प्रकृयाहरु अपनाउनु पर्नेछ ।

- एकजना बालसंरक्षण संयोजकको नियुक्ति गर्नु पर्नेछ ।
- संयोजकले संस्था भित्रका बढिमा तिन जना सदस्य रहेको एक बालसंरक्षण समिती बनाउने छ । समितीको जिम्मेवारी चाही नीतिको कार्यान्वयन गर्नु र घटनाहरुको गोप्यनिता राख्नु हुनेछ ।
- बालसंरक्षण समितीले कुनैपनि बाल दुर्व्यवहारका घटनाका संम्बन्धमा छानबिन गर्दा आउन सक्ने अवरोधहरुलाई कसरी समाधान गर्ने भन्ने बिषयमा योजना गर्नु पर्नेछ ।

**६. रोकथाम:**

६.१ बालगृह तथा अनाथालयहरुमा रहेका बालबालिकाहरुको सुरक्षा:

क. बालबालिकाहरुको सुरक्षाका लागि निम्न सावधानीहरु अपनाइनु पर्दछ ।

- सुरक्षित वातावरण कायम गर्नु पर्दछ ।
- प्रत्येक बालगृहहरुमा आधारभूत बालसंरक्षण नीति तथा नियमहरु बालमैत्री भाषामा लेखेर सबैले देख्ने गरी प्रदर्शन गरीनु पर्दछ ।
- बालबालिकाहरुलाई आफूलाई उपलब्ध सेवा तथा आफ्ना हक र अधिकारहरु प्रति सचेत गराउन उनिहरुको बिकासका लागि गरिने कार्यक्रमहरुको तयार तथा कार्यन्वयनमा उनिहरुको सहभागीतालाई बृद्धि गराइनु पर्दछ ।
- बालबालिकाहरुकै माझमा विभिन्न समकक्षी सुरक्षा समुहहरु खडा गरीनु पर्छ । प्रत्येक समकक्षी समूहमा एक जना अगुवा हुनेछ ।

- बालबालिकाहरुलाई बाल दुर्व्यवहारको ज्ञान तथा सुचना दिनका लीग बाल सचेतना तथा सुरक्षा रणनीति जस्ता कार्यक्रमहरु सञ्चालन गरिनु पदर्छ ।

- यदि बालबालिकाहरु शोषित वा कसैको ब्यवहार प्रति सशंकित भएमा त्यसको उजुर गर्नका लागि एक सुरक्षित, गोप्य तथा भरोसा योग्य निकाय खडा गरिनु पर्छ । यो निकायले बालबलिकाहरुलाई केही खतरा भएमा त्यसको बारेमा आवाज उठाउन सक्ने गरी उनिहरुको आत्म विश्वास तथा क्षमताको विकास गर्नमा सहायता गर्नु पर्छ । यदि दुर्व्यवहार भएमा चुपचाप बस्ने संस्कृतिलाई तोड्न बालबालिकाहरुलाई उत्साह दिनु पर्दछ ।

- यदि बालबालिकाहरु शोषित भएमा वा सहायता वा सल्लाहका लागि कहाँ जाने भनेर सबै बालबालिकाहरुलाई सूचना दिइएको हुनुपर्छ ।

- बालगृहहरुका बीचमा एक अर्काको सहायता तथा आफ्ना सूचना आदान प्रदान गर्नका साथै चेतना अभिबृद्धि गर्नका लागि एउटा विश्वासिलो सम्वन्ध स्थापित गरिनु पर्छ । (सूचनाहरु "हामीलाई थाहा हुनु पर्छ" भन्ने आधारमा दिनु पर्छ)

संस्थाका कर्मचारीहरुका लागिः

ख. संस्थाका कर्मचारीहरुले निम्न कार्यहरु गर्नु पर्नेछ :

- कर्मचारीहरुले एउटा संम्मान जनक, बिश्वासीलो र जवाफदेहिताको वातावरण बनाउने ताकि बालबालिकाहरुले आफ्ना समस्याहरु पोख्न सहजमहसुस गरुन र कर्मचारीहरुले उनिहरुका गोप्यताको सम्मान गरी बालबालिका तथा अभिभावक सबै मिलेर बाल दुर्व्यवहार सम्बन्धि कुनै सानो भन्दा सानो घटना पनि पहिचान गरी त्यसको सहि उपचार गर्नू पर्नेछ ।

- बालक वा बालिकालाई जोखिममा पर्न सक्ने कुनैपनि अवस्थालाई पहिचान गरी त्यसलाई हटाउनु पर्नेछ ।

- विशेष गरी बालिकाहरुसँग सम्बन्धित घटना तथा कृयाकलापहरुमा महिला कर्मचारीको संख्या बढाउने ।

- बालबालिकाहरुसँग अस्वस्थ्य सामिप्यता हटाउने ।

- उत्तेजनात्मक र अनुचित व्यवहार गर्ने बालबालिकाहरुसंग सँधै जिम्मेवारीपूर्वक काम गर्ने र जोखिम कम गर्न सुक्षित राख्ने ।

- आगन्तुकहरुका लागि भेटघाट गर्न दिने सम्बन्धमा सहि नियमहरु बनाउने र भित्ताहरुमा टाँस्ने साथै त्यसको कडाइका साथ पालना गर्ने/गराउने ।

- यदि कसैले बालबालिकाहरुलाई धर्म पुत्र वा धर्म पुत्रि बनाएर लान चाहेमा नेपाल सरकारको प्रचलीत कानुन अनुसार मात्र लान दिने ।

- यो नीतिलाई संधै सम्मान गर्न असफल नभएको होस् भन्नालाई सबै कर्मचारीहरुलाई बेला बेलामा सम्झाउने । उनिहरुलाई सम्झना गराउने ।

- बालबालिकाहरुलाई हुन सक्ने खतराको बारेमा ज्ञान दिन तथा सचेत गराउन चेतना अभिवृद्धि कार्यक्रमहरु रोकथाम गर्ने रणनीतिहरुद्वारा सबै कर्मचारीहरु तलिम प्राप्त हुनु पर्छ ।

- जहिले पनि संम्भव भए सम्म दुई जना अभिभावकहरुसँगै भएर बालबालिकासँग व्यवहार गर्ने र सँधै पारदर्शिता अपनाउने ।

ग. कोही कर्मचारी वा कसैले (बाल संरक्षण नीति पालना गर्ने समझैता पत्रमा हस्ताक्षर गरेका हाम्रा सञ्जालहरु-विस्तृत जानकारीको लागि अनुसूचि हेर्नुहोला) निम्न किसिमको व्यवहार गर्न पाउने छैन ।

- यो नीतिसंग बाझिने गरी, अनुसाशन तथा सजाँयको नाममा कुनैपनि बालबालिकाहरुलाई शारीकि रुपमा आक्रमण गर्नु वा पिटन पाइने छैन । यसको मतलव बालबालिकाहरुलाई कुनै पनि किसिमको शारीरिक हिसां गरेको सहिय हुने छैन ।

- कुनै पनि बालबालिकाको आपत्तिजनक वा यौन कृयाकलाप झल्काउने फोटो तथा भिडियो नलिनुहोस जसले बालक वा बालिकाको आत्म सम्मान तथा इज्जतमा ठेस पुऱ्याउन सक्छ ।

- बालबालिकाहरुलाई हानी पुऱ्याउने कुनै पनि किसिमको सम्बन्ध नबनाउने ।

- बालबालिकाहरुसंग कुनै पनि किसिमको उत्तेजनात्मक तथा गाली गलौजको भाषा प्रयोग नगर्ने ।

- बाल बेचबिखन तथा दुर्व्यवहारलाई बढावा दिने कुनै पनि व्यक्ति तथा निकायसँग सम्बन्ध नराख्नुहोस ।

- कुनै पनि बालक वा बालिकासँग बालगृहमा वा अन्य ठाँउमा कसैको निगरानी बिना रात बिताउन वा रात बिताउनका लागि निमन्त्रण दिन पाइने छैन ।

- आफ्नै छोराछोरीलाई कुनै किसिमको दुर्व्यवहार गर्न वा आफ्नो घरमा बालबालिकाहरुलाई नोकर रुपमा काम लगाउन पाइने छैन ।

६.२ संस्थामा रहेका बालबालिकाहरुको संरक्षण

बालबालिकाहरु सँग कार्य वा हेर विचार गर्नेका लागि संस्थामा हुनुपर्ने न्युनतम मापदण्ड:

- संस्थाले बालबालिकाको हेरचाह गर्न र उनीहरुको संरक्षणका लागि आवश्यक संख्यामा प्रौढ कर्मचारी राख्नु पर्नेछ ।

- कर्मचारीको भर्ना: संम्भव भएसम्म संस्थामा काम गर्न चाहने कर्मचारीको निवेदन तथा उसका सिफारीस पत्र र प्रहरी अभिलेख राम्ररी हेरिनु पर्छ । उनिहरुले यो भन्दा अगाडी कुनैपनि बाल दुर्व्यवहारको आरोप नलागेको लिखित जानकारी दिनु पर्छ । बाल संरक्षण नीतिमा हस्ताक्षर गराइनु पर्छ । कर्मचारीहरुका लागि कामको विवरण, जिम्मेवारी र स्पष्ट व्यवस्थापिकीय ढाँचा हुनुपर्छ । कुनैपनि कर्मचारी १८ बर्ष उमेर पुरा भएको हुनु पर्छ र कर्मचारीको कामको स्पष्ट रुपमा बाँडफाड हुनु पर्छ ।

- बालक वा बालिकाको सर्वाङ्गीण विकासको लागी प्रवद्धन गर्नु पर्छ ।

- बाल संरक्षण संयोजकले बाल संरक्षणका लागि गरिने कार्यहरुका सम्बन्धमा कार्यन्वयन भएको छ कि छैन भनी सुनिश्चित गर्नु पर्छ ।

६.३ मण्डलीमा बालबालिकाहरुको संरक्षण

मण्डलीमा बालबालिकाहरुको संरक्षणका लागि निम्न उपायहरु अपनाइनू पर्छ ।

- बालबालिकाहरुलाई जस्तो अवस्थाका छन् त्यस्तै अवस्थामा उनीहरुलाई सम्मान गरिनु पर्छ ।

- कुनै पनि आधारमा वा तरिकाले बालबालिकाहरुलाई भेदभाव गरिनु हुदैन ।

- बालबालिकाहरुलाई आफ्ना बिचार तथा भावना व्यक्त गर्न प्रोत्साहित गरिनु पर्छ ।

- बालबालीकाहरुलाई उनिहरुका दान, वरदान, खुबी र सृजनात्मक बिचारहरु (शारीरिक, भावनात्मक, सामाजिक) पदर्शन गर्ने अवसर प्रदान गरिनु पर्दछ ।

- मण्डलीका हरेक विश्वासीले, परमेश्वरको बालबालिकाहरु प्रतिको वास्ता तथा बालअधिकारको बारेमा सचेत हुनु पर्छ ।

- बालबालिकाहरुले आफ्नो अधिकारकको बारेमा थाहा पाउनु पर्छ ।

- मण्डलीले बाल दुर्व्यवहारका सम्वन्धमा आएका उजूरीहरुलाई गम्भिरतापुर्वक समाधान गर्नु पर्छ । बालबालिकाहरुको भावनामा ठेस पुऱ्याउने किसिमको कुनै पनि कुराको गोपनियता मण्डलीले कायम राख्नु पर्नेछ ।

- बालबालिकाहरुको सुरक्षाको निम्ति मण्डलीले अभिभावकहरुलाई सल्लाह दिने तथा बाटो देखाउने काम गर्नु पर्छ ।

- परिवारका मूल्य र मान्यताको बिषयमा सिकाउनेछ ।

- बालबालिकाहरुका माझमा काम गर्ने स्वयंसेवकहरुको छनोटको जिम्मेवारी मण्डलीले लिनु पर्नेछ र उनीहरुलाई बालसंरक्षण नीति पढन लगाई हस्ताक्षर गराउनु पर्नेछ ।

- १८ बर्ष भन्दा मुनिका कुनैपनि व्याक्तिलाई मण्डलीले काम गर्ने कर्मचारीको रुपमा नियुक्त गर्नु हुँदैन ।

### ६.४ बाल संरक्षण अधिकृत

कार्नेट नेपालले एक बालसंरक्षण अधिकृत नियुक्त गर्नेछ र संस्थामा बालसंरक्षण नीतिको कार्यान्वयन गर्ने तथा कार्यान्वयन गर्न अरुहरुलाई तालिम दिने छ ।

## ७. प्रकृयाहरु

बालसंरक्षण नीति लागू गर्न निम्न कृयाकलाप तथा प्रकृयाहरु अपनाउने छ ।

### ७.१ खोज/अनुसन्धान

- कार्नेट नेपालको बाल संरक्षण अधिकृत र यसका सदस्य संस्थाहरु, साझेदारहरु, स्थानिय संजालहरु आदिले आफ्नो बीचमा अन्तरकृया गर्ने, प्रतिवेदन संकलन गर्ने, उजुरी सुन्ने, संस्थाहरु भ्रमण गर्ने, पर्यवेक्षण गर्ने आदि प्रकृया द्वारा प्राप्त सुचनाका आधारमा आवश्यक कुराहरु पत्ता लगाउने तथा कार्यन्वयनका लागि उचित कदम चाल्ने छन् । प्रत्येक संस्था वा मण्डलीहरुले एउटा बाल संरक्षण अधिकृत नियुक्त गर्नु पर्ने छ ।

- सम्बन्धित संस्थाहरुले हरेक चार महिनामा कार्नेट नेपालमा आफ्नो संस्थाको प्रगती विवरण पठाउनु पर्ने छ । जसमा आफ्नो संस्थामा बाल संरक्षण नीतिको कार्यन्वयनको वास्तविक अवस्था उल्लेख गर्नु पर्नेछ ।

### ७.२ जाँचबुझ

- यदि एउटा बालक आएर आफूमाथि दूर्व्यवहार भयो भन्छ भने त्यसलाई गम्भिरताका साथ लिनुहोस, अरु कसैलाई भन्नु पर्छ भन्ने कुरा ती बालक वा बालिकालाई थाहा दिनुहोस्, त्यसपछि के गरिन्छ भन्ने कुरा पनि थाहा दिनुहोस्, र तपाईको मनमा ताजा हुँदा नै उनीहरुले भनेका कुराहरु होसियारीका साथ टिप्नु होस् । घटना घटेको र कुराकानी भएको समय र मिति उल्लेख गर्नु होस् ।

- यदि कसैले यस्तो आरोप लगाउने तथा उजुरी गर्छ भने बालसंरक्षण अधिकारीलाई सुचित गर्नुहोस तर यदि बालसंरक्षण अधिकारी नै आरोपित हो भने कार्नेट नेपालको बालसंरक्षण समितीलाई खवर गर्नुहोस जसमा कार्नेट नेपाल संयोजक तथा दुई जना कार्यकारीणी सदस्यहरु रहन्छन् ।

- यस्तो कुनै आरोप तथा उजुरी संम्बन्धित व्याक्तिहरुलाई आवस्यक सुचना दिने देखि बाहेक अन्य अवस्थामा गोप्य राखिनु पर्छ ।

- यदि कोहि कर्मचारी बाल दुर्व्यवहारको आरोप लागेमा वा उसले मानविय अनुशासन भन्दा बाहिर गएर काम गरेमा त्यसको अनुसंधान पुरा नहुन्जेल सम्म उक्त कर्मचारीलाई कामबाट निलंवित गरिने छ । उक्त कार्य सो कर्मचारीलाई दोषी ठहऱ्याउनलाई गरेको नभई सबैलाई अनुसंधान पुरा नहुन्जेल सुरक्षित राख्नका लागि हुनेछ ।

- यदि कोही कर्मचारीबाट यो नीतिको उलंघन गरेको वा बाल दुर्व्यवहार गरेको ठहरेमा उसलाई वर्खाष्त गरिने छ र कानुनी प्रक्रियाका लागि प्रहरीलाई बुझाइने छ ।

- यदि दूर्व्यवहार गरेको नठहरेमा, प्रक्रियाहरु संवेदनशील रुपमा लिई कर्मचारी, कार्यसमितिका सदस्य र स्वंयसेवकलाई पुनर्वहाली गरिने छ ।

- बाल संरक्षण अधिकृतले विभिन्न मण्डलीका, साझेदार संस्था, सञ्जालहरु आदिका प्रतिनिधीहरु को बीचमा बाल संरक्षण नीति कार्यन्वयन गर्दा जाँचबुझ गर्दा कुनै मुद्धाहरु उठेको सम्बन्धमा वा दर्ता भएका उजुरीहरु र घटनाहरुका बारेमा थाहा गर्न कार्यसाला गोष्ठि आयोजना गर्ने छ । यसका लागि नेपालको प्रचलीत कानुन् अनुसार सबै प्रकारका प्रभावकारी तरिका वा कदमहरु चाल्न सक्नेछन् ।

- संम्बन्धित संस्थाले अनुगमन टोलीलाई सत्य तथ्य पत्ता लगाउनका लागि आवश्यक सहयोग प्रदान गर्नु पर्ने छ ।

### ७.३ पुर्नस्थापना

- दुर्व्यवहारले मनोबैज्ञानीक आघात दिने तथा विकासमा रुकावट ल्याउछ । उक्त बालक वा बालिकालाई स्वास्थ्य स्याहार, सहयोग तथा परामर्श चाहिन्छ । यदि अझै उसमा सुधार नभएमा बाल बिसेसज्ञको सहायता लिनु पर्नेछ ।

- यदि अनुसंधान गर्दा कुनै संस्थामा बालक वा बालिकालाई उसको कानुनी हकबाट बञ्चित गराइएको पाइएमा बालसंरक्षण संयोजन समितिले उक्त संस्थालाई निश्चित समयवधि भित्र बालक वा बालिकाको हक पुर्नस्थापना गर्न चेतावनी दिनेछ ।

- तर यदि उक्त समयावधि भित्र संस्थाले माथि उल्लेख गरे बमोजिम बालक वा बालिकाको हक पुर्नस्थापना नगरेमा संयोजन समितिले बालक वा बालिकाको सुरक्षाका लागि कानुनी प्रकृया अपनाउन अदालत जानु पर्नेछ ।

## ८. सिफारिस

यो बालसंरक्षण नीतिलाई स्वीकार गरेका सबै संस्थाहरुले सहमतिमा यस बाल संरक्षण नीतिलाई पालना गरुन् भन्ने मनसायले तयार गरीएको हो । यसमा उल्लेख भएका नीति नियमहरु कानुनी रुपमा जब्बरजस्ती पालना गराउन लेखिएको नभई अनुसूचिमा हस्ताक्षर गर्ने व्याक्ति तथा संस्थाहरुका लागि बालबालिकासँग काम गर्दा साहयताको लागि सामान्य निर्देशिका मात्र हुन् ।

# प्रतिबद्धता फाराम

म/हामी —————————————————————— ले बाल संरक्षण नीतीका नियम तथा निर्देशिकाहरु पढेर बुझेका छु/छौं । म/हामी यसमा लेखिएका सिद्धान्तहरु पालना गर्नलाई सहमत छु/छौं तथा कार्नेट नेपाल सँग आबद्ध भएर काम गर्दा बाल संरक्षण नीतीको पालना गर्नु पर्ने कुराको महत्वलाई बुझेको छु/छौं र पालना गर्ने छु/छौं ।

नामः.......................................................................................

पदः.........................................................................................

हस्ताक्षरः.................................................................................

मितिः......................................................................................